काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

राष्ट्रिय दैनिक

www .kankrebihar .com



❐ वर्ष : २५ ❐ अंक : ३३० ❐ आइतवार, २८ भदौ, २०८३ ❐ Sunday, 13 Sep 2026 ❐ नेपाल संवत ११४६ ❐ पृष्ठ : ४ ❐ मूल्य : रू. १०

कर्णाली प्रदेश सरकार

कटौती भएको स्वकीय सचिवको सुविधा फेरि बहाल, राज्यकोषमा थपियो झन्डै २ करोड भार



❐ काँक्रेविहार संवाददाता
सुर्खेत, २७ भदौ

कर्णाली प्रदेशका प्रदेश सांसदहरूले निरन्तर सरकारसँग दबाब बढाएपछि आफ्नो स्वकीय सचिवसम्बन्धी सुविधा पुनः फिर्ता ल्याउन सफल भएका छन्। स्वकीय सचिवको पारिश्रमिक रोकिएपछि पटक-पटक प्रदेश सभामै आवाज उठाउँदै आएका सांसदहरूको दबाबपछि प्रदेश सरकारले चालु आर्थिक वर्षको साउनदेखि स्वकीय सचिवको पारिश्रमिक उपलब्ध गराउने निर्णय गरेको हो।

यो निर्णयसँगै कर्णाली प्रदेशको राज्य कोषमा सांसदका स्वकीय सचिवका लागि मात्रै वार्षिक झन्डै २ करोड रुपैयाँको थप व्ययभार पर्ने भएको छ। प्रदेशसभाका अनुसार मुख्यमन्त्री तथा मन्त्रीसहित बाँकी पृष्ठ २

खर्च कटौतीको निर्णय उल्टियो

स्वकीय सचिवको सुविधा फिर्ता गर्ने निर्णय भने अचानक भएको होइन। २०८२ भदौ २३ र २४ गतेको जेनजी आन्दोलनपछि बनेको संघीय अन्तरिम सरकारले खर्च कटौतीलाई प्राथमिकता दिँदै २०८२ असोज ५ गते मन्त्रीस्तरीय निर्णयमार्फत् सांसदहरूको स्वकीय सचिवको सुविधा खारेज गरेको थियो।

त्यसको कार्यान्वयनका लागि कर्णालीको मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले असोज ८ गते प्रदेशसभा सचिवालयलाई पत्र पठाएको थियो।

संघीय निर्णयअनुसार राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, सभामुख, राष्ट्रिय सभा अध्यक्ष, प्रदेश प्रमुख, नेपाल सरकार तथा प्रदेश सरकारका मन्त्रीबाहेकका सांसद तथा अन्य राजनीतिक पदाधिकारीको स्वकीय सुविधा खारेज गर्ने निर्णय कार्यान्वयन गर्न पत्राचार गरिएको थियो।

कर्णालीमा सुविधा औपचारिक रूपमा खारेज नगरे पनि असोजदेखि सांसदका स्वकीय सचिवको पारिश्रमिक रोकिएको थियो।

पछि केन्द्रमा सांसदहरूले पुनः स्वकीय सचिव राख्न थालेपछि कर्णालीका सांसदहरूले पनि रोकिएको सुविधा उपलब्ध गराउन दबाब बढाएका हुन्।

सांसदको विज्ञता कि व्यक्तिगत रोजगारी?

सांसदहरूले स्वकीय सचिव आफूहरूको विधायिकी कामका लागि आवश्यक रहेको तर्क गर्दै आएका छन्। उनीहरूले 'हामीलाई विज्ञता चाहिँदैन र?' भन्दै प्रदेश सरकारसँग प्रश्नसमेत गरेका थिए। प्रदेश सभाको काममा कानुनी, प्रशासनिक तथा विषयगत सहयोग आवश्यक पर्ने भएकाले स्वकीय सचिव राख्नुपर्ने उनीहरूको दाबी छ।

तर अर्कोतर्फ स्वकीय सचिवको सुविधा राज्यकोषमाथि थपिने आर्थिक भार र त्यसको औचित्यमाथि प्रश्न उठ्दै आएको छ। विशेषगरी निर्वाचित जनप्रतिनिधिले पाउने बाँकी पृष्ठ ४

प्रदेश प्रमुखले भने घटाए खर्च

एकातिर सांसदहरूको स्वकीय सुविधा पुनः फिर्ता ल्याएर वार्षिक झन्डै दुई करोड रुपैयाँ खर्च बढाउने तयारी भइरहँदा कर्णालीका प्रदेश प्रमुख यज्ञराज जोशीले भने आफ्नो सचिवालय नै खारेज गरेर खर्च घटाएका छन्।

प्रदेश प्रमुखको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐनले विभिन्न पदमा कर्मचारी राख्न पाउने व्यवस्था गरे पनि अन्तरिम सरकारको खर्च कटौतीसम्बन्धी निर्णयअनुसार प्रदेश प्रमुख जोशीले सचिवालय घटाएका हुन्। अहिले प्रदेश प्रमुखको सचिवालयमा एक जना स्वकीय, एक जना सवारी चालक र एक जना भान्से मात्रै रहेको प्रदेश प्रमुखको कार्यालयले जनाएको छ।

प्रदेश प्रमुखको सचिवालय विघटन गर्दा वार्षिक करिब ५० लाख रुपैयाँ राज्यकोषमा बचत हुने बताइएको छ। यसले कर्णालीमा एउटै समयमा सार्वजनिक खर्चसम्बन्धी दुई फरक दृष्टिकोण देखाएको छ।

एकातिर खर्च घटाउने नीति र अर्कोतिर सांसदको सुविधा पुनःस्थापना, स्वकीय सचिवको आवश्यकता छ भने त्यसको स्पष्ट कार्यक्षेत्र, उपलब्धि र पारदर्शी नियुक्तिको मापदण्ड पनि सार्वजनिक हुन आवश्यक छ।

आज तीजको दर खाने दिन



❐ काँक्रेविहार संवाददाता
सुर्खेत, २७ भदौ

नेपाली हिन्दु महिलाले मनाउने चाड तीज अन्तर्गत आज (आइतबार) दरखाने दिन। विभिन्न मीठा परिकारका साथ दर खाइदैछ। दुःख भुलाउन भोलीपल्ट बस्ने हरितालिका तीजको अवसरमा महिला दिदी बहिनीलाई दर खुवाउने गरिन्छ।

तीजको पहिलो दिनलाई दर खाने दिन भनिन्छ। सनातन हिन्दू धर्मावलम्बी नेपाली महिलाहरूले विशेष तयारीका साथ तीज पर्व मनाउने क्रम यो दिनबाट प्रारम्भ हुन्छ। विवाहित महिलाले पतिको दीर्घायुको कामना तथा अविवाहितहरूले सुयोग्य पतिको माग गर्दै भोली पल्ट निराहार व्रत बस्ने उद्देश्यले यो दिन घरघरमा खासगरी दुग्ध निर्माण मिष्ठान्न परिकार तयार गरी दर खाने चलन छ।

महिलाहरू यो दिन माछामासु वाहेक चोखो चिज खाएर भोलि पल्ट निराहर व्रत बस्ने गर्दछन्। दरमा खिर, गुँद, हलुवा, ढकनी, घिउ, दही, दूध, मिठाइ र सेलरोटी खाने गरिन्छ। स्थान अनुसार दरखाने परिकारहरू फरक फरक छन् त्यस्तै आधुनिकता सँगै यसमा खाने परिकारहरूमा पनि फरक आउन थालेको छ।

भेरी अस्पतालमा ५० शव अट्ने आधुनिक शवगृह बनाइने



❐ काँक्रेविहार संवाददाता
नेपालगञ्ज, २७ भदौ

भेरी अस्पताल, नेपालगञ्जमा कम्तीमा ५० शव अट्ने क्षमताको शवगृह निर्माण तथा विस्तार गरिने भएको छ। बाढी, पहिरो, भूकम्प लगायतका विपद्का समयमा एकैपटक ठूलो संख्यामा शव आउन सक्ने अवस्थालाई ध्यानमा राख्दै स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले शवगृहको क्षमता विस्तार गर्ने निर्णय गरेको हो।हाल भेरी अस्पतालको शवगृहमा एकैपटक छ वटा शव मात्र राख्न सकिने अवस्था छ। विपद्का समयमा शवको सुरक्षित संरक्षण, पहिचान, परीक्षण तथा आवश्यक कानुनी प्रक्रिया पूरा गर्न सहज हुने गरी कम्तीमा ५० शव व्यवस्थापन गर्न सक्ने क्षमताको शवगृह निर्माण तथा विस्तारको प्रक्रिया अघि बढाइने भएको हो।

भेरी अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा.नवीन दर्नालले विपद्का समयमा ठूलो संख्यामा शव व्यवस्थापन चुनौतीपूर्ण बन्ने अवस्थालाई ध्यानमा राखेर पर्याप्त क्षमताको शवगृह आवश्यक रहेको बताए भोटेकोशीमा आएको बाढीबाट प्राप्त सिकाइका आधारमा भविष्यमा शव व्यवस्थापनमा समस्या नआओस् भन्ने उद्देश्यले अस्पतालमा आवश्यक पूर्वाधार विकास गर्न लागिएको उनले बताए।

बाढीपहिरो प्रभावित क्षेत्रबाट, २० जनाको हवाई उद्धार

❐ काँक्रेविहार संवाददाता
काठमाडौं, २७ भदौ

नेपाली सेनाले बाढीपहिरो प्रभावित विभिन्न क्षेत्रबाट आज २० जनाको हवाई उद्धार गरेको छ। नेपाली सेनाका अनुसार २०८३ भदौ २७ गते १७३० बजेसम्म गरिएको उद्धारसँगै हालसम्म हवाई साधनमार्फत उद्धार हुनेको संख्या ४ हजार १५७ पुगेको छ।

हालसम्म उद्धार गरिएकामध्ये ३ हजार ८७४ जना स्वदेशी र २८३ जना विदेशी रहेका छन्।

टनेलमा खोज तथा उद्धार जारी

रसुवागढी जलविद्युत आयोजनामा कम्पोजिट क्विक रियाक्सन टिम तथा



विदेशीसमेत सम्मिलित संयुक्त खोज तथा उद्धार टोलीले खोजी कार्य गरिरहेको सेनाले जनाएको छ।

लाङ्गटाङ्ग जलविद्युत आयोजनामा संयुक्त टोलीले टनेलभित्रको पूरै इलाकामा खोज तथा उद्धार गरे पनि केही फेला नपरेको जनाएको छ। चिलिमे हाइड्रोमा विदेशीसमेत सम्मिलित संयुक्त टोलीले स्याफ्रुबेसीदेखि टनेलसम्म हेभी इक्विपमेन्ट लैजान करिब १ हजार ५० मिटर बाटो निर्माण सम्पन्न गरेको छ। चारवटा ६/६ मिटर लम्बाइका ठूला पाइप प्रयोग गरी टनेलभित्र हिँड्न मिल्ने बाटो तयार गरिँदैछ। टनेलभित्र एक्स्काभेटर प्रयोग गरी करिब ६५ मिटरसम्मको लेदो फालिएको र थप खोजी कार्य भइरहेको सेनाले जनाएको छ।

वाईजीजीपीको नवौं वार्षिक साधारणसभा सम्पन्न



❐ काँक्रेविहार संवाददाता
सुर्खेत, २७ भदौ

सुशासन प्रवर्द्धन र सामाजिक जवाफदेहितामा क्रियाशील सुशासन प्रवर्द्धनका लागि युवा सुर्खेत (वाईजीजीपी) को नवौं वार्षिक साधारणसभा शनिबार सम्पन्न भएको छ।

साधारणसभामा संस्थाले नौ वर्षको अवधिमा सुशासन, सामाजिक जवाफदेहिता, युवा सशक्तीकरण, स्वास्थ्य, शिक्षा, जलवायु अनुकूलन, विपद् व्यवस्थापन तथा सामाजिक समावेशीकरणका क्षेत्रमा गरेका कामको समीक्षा गरिएको छ।

कार्यक्रममा जिल्ला समन्वय समिति सुर्खेतका प्रमुख गंगाराम सुनारले सुशासन कुनै एक निकायको प्रयासबाट मात्र सम्भव नहुने बताए। उनले स्थानीय तहमा योजना निर्माणदेखि सेवा प्रवाहसम्म नागरिकको अर्थपूर्ण सहभागिता आवश्यक रहेको भन्दै युवालाई सामाजिक उत्तरदायित्व र विकासको अभियानमा जोड्नुपर्ने बताए। भूमि व्यवस्था कार्यालय सुर्खेतका प्रमुख जनक हमालले सरकारी बाँकी पृष्ठ २

सम्पादकीय

न्यायिक अधिकारलाई प्रशासनिक अल्झन नबनाउ

चार दशकदेखि विभिन्न तहका अदालत र सरकारी निकाय धाउँदै आएको जग्गा विवादमा सर्वोच्च अदालतले फैसला गरिसकेको छ । पुनरावेदन अदालत सुर्खेतको फैसला उल्टाउँदै सर्वोच्चले २०८० फागुन २० गते गरेको फैसला र त्यसविरूद्ध परेको पुनरावलोकनको निवेदनसमेत अघि नबढेपछि कानुनी विवादको एउटा महत्वपूर्ण चरण टुंगिएको देखिन्छ । तर अदालतको फैसला कार्यान्वयन गरी नागरिकलाई सहज सेवा दिनुपर्ने प्रशासनिक प्रक्रिया भने अझै पूरा हुन सकेको छैन। यही अवस्थाले राज्यका निकायबीचको समन्वय र फैसला कार्यान्वयनको प्रभावकारितामाथि प्रश्न उठाएको छ ।

वीरेन्द्रनगर-६ का होमराज भण्डारीको नक्सापाससम्बन्धी फाइल अहिले सुर्खेत उपत्यका नगर विकास समितिमा अड्किएको छ । जिल्ला अदालतले फैसला कार्यान्वयनका लागि नगरपालिकालाई पत्राचार गरेपछि नगरपालिकाले सक्कल फाइल समितिमा पठाएको जनाएको छ। तर समितिको निर्णय नआएसम्म नक्सापास प्रक्रिया अघि बढाउन नसकिने नगरपालिकाको भनाइ छ । यहाँ मूल प्रश्न कसको जग्गा कति भन्ने विवाद मात्र होइन, अदालतबाट भएको अन्तिम निर्णयपछि पनि नागरिकले आफ्नो कानुनी अधिकार प्रयोग गर्न किन सहज स्वरूपमा पाएका छैनन् भन्ने हो। अदालतको फैसला कार्यान्वयनमा प्रशासनिक तहबाट नयाँ गाँठो थपिँदै जाने हो भने न्याय पाउनुको अर्थ नै कमजोर हुन्छ । अदालतले टुंग्याएको विषयलाई सरकारी निकायले अनावश्यक स्वरूपमा पुनः विवादको विषय बनाउनु हुँदैन ।

अवश्य पनि नगर विकास समितिले सरकारी जग्गा वा क्षेत्रफलसम्बन्धी प्रश्न उठेको भन्दै तथ्य र कानुनी अवस्था परीक्षण गर्न खोज्नु गलत होइन । सार्वजनिक सम्पत्तिको संरक्षण राज्यको दायित्व हो। तर त्यस्तो परीक्षण स्पष्ट कानुनी आधार, समयसीमा र पारदर्शी प्रक्रियाभित्र हुनुपर्छ । नागरिकलाई अनिश्चित समयसम्म फाइल बोकेर कार्यालय धाउन बाध्य बनाउने अवस्था स्वीकार्य हुन सक्दैन । यस प्रकरणले कर्णालीमा न्यायिक फैसला र प्रशासनिक कार्यान्वयनबीचको दूरी देखाएको छ। सर्वोच्चको फैसला अन्तिम भए त्यसको सम्मान र कार्यान्वयन हुनुपर्छ; थप कानुनी प्रश्न बाँकी भए सम्बन्धित निकायले स्पष्ट आधारसहित निर्णय गर्नुपर्छ। फाइल थन्क्याएर समस्या समाधान हुँदैन ।

अब नगर विकास समिति र नगरपालिकाले लामो समयदेखि अल्झिएको विषयलाई प्राथमिकताका साथ टुंग्याउनुपर्छ । कानुनको शासन भनेको फैसला सुनिनु मात्र होइन, फैसला व्यवहारमा कार्यान्वयन हुनु पनि हो । नागरिकको न्यायिक अधिकारलाई प्रशासनिक अल्झनको बन्धक बनाउनु हुँदैन ।

वाईजीजीपीको...

सेवा प्रवाहमा पारदर्शिता, जवाफदेहिता र प्रविधिको प्रयोग बढाउनुपर्ने बताए । नागरिकलाई सहज सेवा दिन सरकारी निकाय र नागरिक समाजबीच सहकार्य आवश्यक रहेको उनको भनाइ थियो । गैरसरकारी संस्था महासंघका केन्द्रीय सचिव नमस्कार शाहले गैरसरकारी संस्थाहरुले सरकारले प्रदान गर्ने सेवालाई सुधारका लागि सहजिकरण र साझेदारीको भूमिका निर्वाह गरिरहेको तर सरकारले संघ संस्थाप्रति गर्ने व्यवहार विभेदपूर्ण रहेको बताए । सामाजिक न्याय, समावेशीकरण तथा महिला र युवाको नेतृत्व विकासका सवाललाई प्राथमिकतामा राख्नुपर्ने उनले बताए । सेभ द चिल्ड्रेनका कार्यक्रम व्यवस्थापक किशोर जङ्ग शाहले वाइजीजीपीले कर्णालीमा युवाहरुका सवालमा गरेको अभियान सराहनीय रहेको बताउँदै आगामी दिनमा पनि सशक्त रुपमा अघि बढ्न सुझाव दिए । प्लान इन्टर नेशनल नेपालका विनय ज्ञवालीले एउटा पालिकाबाट सुरुवात गरेको युवा अभियान कर्णाली हुँदै नेपालका विभिन्न जिल्लामा पुर्याउनु उल्लेखेनीय कार्य भएको बताउँदै सामाजिक रुपान्तरणका क्षेत्रमा निरन्तर लाग्न सुझाव दिए । नेपाल पत्रकार महासंघ सुर्खेतका अध्यक्ष मधुवन बिसीले सार्वजनिक निकायलाई नागरिकप्रति जवाफदेही बनाउन तथ्यमा आधारित सूचना प्रवाह र निरन्तर खबरदारी आवश्यक रहेको बताए। उनले सञ्चार क्षेत्र, नागरिक समाज र युवाबीचको सहकार्यलाई थप प्रभावकारी बनाउनुपर्नेमा जोड दिए । युवा परिषद् सुर्खेतका पूर्वअध्यक्ष टेकेन्द्र बस्नेतले युवालाई रोजगारी खोज्ने जनशक्तिका रूपमा मात्र नभई समाज परिवर्तनका संवाहकका रूपमा विकास गर्नुपर्ने बताए । युवाको क्षमता, सिर्जनशीलता र नेतृत्वलाई सही ढंगले परिचालन गर्न सके स्थानीय तहमा सुशासन र सामाजिक रूपान्तरण प्रभावकारी हुने उनको भनाइ थियो । वाईजीजीपीकी अध्यक्ष रिता चन्दले सुशासन प्रवर्द्धन जवाफदेहि साशान तथा युवाहरुको सवालमा पैरवी गर्ने उद्येश्यले स्थापना गरिएको संस्थाले नौ बर्षमा आफ्ना उद्देश्य प्राप्तिमा अघि बढिरहेको बताइन्।

इतिहास, धर्म राजनिति, कला साँस्कृति, पुरातात्विक र बिरता





✍ जगत शर्मा

पर्यटकीय गन्तव्यका रूपमा रहेको जिल्लाको इतिहासमा भूकम्पले पारेको चपेटाले जोखिम निम्त्याएपछि यसको संरक्षणमा अभिवाक बिहिन भएको जाजरकोट सम्पदा संरक्षण रोहिरहेको छ।

'दुईपटक भत्किसकेको दरबारमा अहिले पनि उस्तै जोखिम निम्तिएको छ, जिल्लाको इतिहासलाई जोगाउन यसलाई जोगाउनैपर्ने हुन्छ, 'जाजरकोट राज्य हुँदा जनताको श्रमबाट पुनर्निर्माण गरिएको थियो, अब यसरी समयमै पुनर्निर्माण गर्न पनि सहज छैन ।' १९९० माघ २ गते नेपाल र भारत केन्द्रबिन्दु भएर गएको ८ म्याग्निच्युडको भूकम्पले जाजरकोट दरबार पूर्ण रूपमा भत्किएको थियो। यो भुइँचालोका कारण १०-१२ हजार मानिसको मृत्यु भएको थियो । जाजरकोटमा भएको मानवीय क्षतिको भने तथ्यांक छैन । उक्त भुइँचालोलाई दरबारमा क्षति पुऱ्याउने शक्तिशाली विपदका रूपमा जाजरकोटवासीले लिन्छन् ।भुइँचालोले क्षति पुऱ्याएको सेतो दरबार (जाजरकोट दरबार) लाई फेरि पनि जाजरकोटी जनताको श्रमदानमा पुनर्निर्माण गरिएको कुरा पाका पुरान तथा बयबृद बाट सुनपाइन्छ ।त्यस समाय मा 'मानिस कति मरे भन्ने त हामी पनि थाहा पाउँदैनौं, दरबार भत्किएर पछि तीन तलाको मात्र बनेको हाम्रो पालाका मानिसलाई थाहा छ,' जाजरकोट राज्य हुँदा सेतो दरबार भनिने जाजरकोट दरबार १९९० को भूकम्प जानुभन्दा ३८ वर्षअघि १८५२ सालमा निर्माण गरिएको हो । तत्कालीन जाजरकोटी राजा इन्द्रनारायण शाहको पालामा खलंगा क्षेत्रको सबभन्दा अग्लो भाग छनोटगरेर यो दरबारको निर्माण गरिएको थियो ।त्यसअघि सोही क्षेत्रमा रातो दरबार थियो । जसलाई १८२५ सालमा राजा हरि शाहले बनाएका थिए । यो दरबार पनि अहिले सरकारी निकायको कार्यालयका रूपमा छ। यसअघि जिल्ला विकास समिति र कृषि विकास बैंकका कामकाज हुने रातो दरबारमा संघीयतापछि जिल्ला समन्वय समितिको कार्यालय छ ।रातो दरबार बनेको २७ वर्षपछि राजा इन्द्रनारायणले राज्य सञ्चालनका लागि थप भौतिक संरचनाको आवश्यकता ठानेर अर्को दरबार बनाएको जाजरकोट दरबार इतिहासमा पाइन्छ । यो दरबार सुरूमा बनाउँदा पनि जाजरकोटी राजाको आदेशमा जनश्रमदान गरिएको थियो । यसका लागि राजाले जनताले श्रमदान गर्ने निश्चित दिन तोकिदिएका थिए ।राजा इन्द्रनारायणका पालामा यो दरबार कति तलाको थियो भन्ने यकिन जानकारी भने छैन ।'कसैले सात तलाको भन्छन्, धेरैजसोले पाँच तलाको मात्र हो भनेर दाबी गरेका छन्,' बयबृद का अनुसार अहिलेको भन्दा अग्लो थियो, भूकम्पको क्षतिपछि पुनर्निर्माण गर्दा भने तीन तलामा झारिएको हो ।जाजरकोट दरबारको समग्र संरचनामा पुनर्निर्माण गर्दा परिवर्तन गरिएको वा नगरिएकोबारे यकिन जानकारी भने छैन । तर इतिहासका जानकारहरूले सुरूमा बनेको संरचनामै भूकम्पपछि पुनर्निर्माण गरिएको दाबी गरेको बताउँछन्। यो दरबारको पुनर्निर्माण गर्दा भक्तपुरबाट नेवार समुदायका इञ्जिनियर बोलाइएको थियो ।'यसमा प्रयोग भएका झ्यालको कला र स्वरूप हेर्दा सुरूकै स्वरूपमा निर्माण भएको देखिन्छ, तर अहिले यसका धेरै मौलिक स्वरूपहरू अस्तित्वमा छैनन् 'सरकारले रेखदेखको राम्रो व्यवस्था गर्न नसक्दा यो हराएको हो ।सेतो दरबार उर्फ जाजरकोट दरबारले दोस्रो पटक भूकम्पीय क्षति भोगेको २०४५ सालमा हो ।उदयपुर केन्द्रबिन्दु रहेको उक्त वर्षको ६.९ रेक्टर स्केलको भूकम्पले दरबारको पश्चिम भाग (जसलाई पश्चिम नाल भनिन्थ्यो) मा क्षति पुगेको थियो । यसलाई २०५१ सालमा पुनर्निर्माण गरिएको हो । त्यो भूकम्पले दरबारमा क्षति पुगे पनि मानवीय क्षति भने जाजरकोटमा नभएको पाइन्छ ।तीनपटक भूकम्पीय क्षति भोगेको जाजरकोट दरबारबाट इन्द्रनारायण पछिका सात जना राजाले शासन गरेका थिए । यो दरबारबाट शासन चलाउने अन्तिम राजा प्रकाश विक्रम शाह थिए । इन्द्रनारायणभन्दा अघिका जाजरकोटी राजा हरि शाहदेखि गजेन्द्रनारायण शाहसम्मले रातो दरबारबाट शासन चलाएका थिए ।त्यहा का बयबृदका अनुसार जाजरकोटको राज्य सञ्चालन हुने सेतो दरबार र रातो दरबारमार्फत् २०१७ सालदेखि नै सरकारी कामकाज हुँदै आएका थिए । प्रकाश विक्रमदेखि पछिका राजाहरू २०१७ देखि नै ती दरबारमा बस्न छोडेका थिए । २०१७ सालमै जाजरकोटी राजा प्रकाशविक्रम शाहले नेपाल सरकारलाई ६० हजार रुपैयाँमा जाजरकोट दरबार बेचेका थिए । त्यसपछि यो सरकारी सम्पत्तिका रूपमा परिणत भएको सुन पाइन्छ । २०८१ कातिक १७ गतेको भूकम्पले जोखिममा रहेको जाजरकोट दरबारलाई बलियो रूपमा पुनर्निर्माण गरेर संग्रहालयका रूपमा संरक्षण गर्नुपर्ने स्थानिय बासि बताउँछन्।

यो दरबार ऐतिहासिक र पुरातात्विक हिसाबले निकै महत्वपूर्ण छ, यो जाजरकोटको मात्र नभएर सिंगो कर्णालीको मुख्य पर्यटकीय गन्तव्य पनि हो 'यसको मौलिकता, इतिहास र पुरातात्विक महत्व सुरक्षित हुने गरी पुरानै स्वरूपमा भूकम्प प्रतिरोधी बनाउनुपर्छ ।'खलंगाको माथिल्लो थाप्लेमा बनेका व्यक्तिको स्वामित्वमा भएका ती दुइटा घरहरूलाई स्थानीयले दरबार भन्ने गरेका छन् । ती दुई घरहरूमध्ये एउटा जाजरकोटी राजा जंगबहादुर शाहका छोराहरू समरध्वज शाह, रणध्वज शाह र सुरबहादुर शाहले १९४२ सालमा जाजरकोटी जनाताको सहयोगमा बनाएका कुरा बयबृद बाट सुन्न पाइन्छ ।

अर्को घर जंगबहादुरकै छोराहरू शक्तिवर्द्धन शाह, अमरबहादुर शाह, नरशम्शेर शाह र नरजंग शाहले १९५० सालमा बनाएका हुन् ।दरबारकै रूपमा चिनिने यी घरहरू राज्य सञ्चालनका लागिभन्दा पनि जाजरकोटी राजाका भाइ-छोराहरू बस्न भनेर दरबारकै स्वरूपमा बनाइएको थियो । राजाका भाइ-छोराहरू धेरै भएर उनीहरूका आवास व्यवस्थापनका लागि ती घरहरू बनेको सुन्न पाइन्छ । 'जाजरकोट राज्यमा एक जना मन्त्री राख्ने र राज्यमन्त्रीको रूपमा काम गर्नेलाई काजी भनिन्थ्यो, राज्यमा काम गर्नका लागि तोकिएका मन्त्री अर्थात् काजीको जिम्मेवारी पाएका व्यक्ति र तिनका परिवार जाजरकोट राजाको दरबारको छेउमै बस्ने गरेको पाइन्छ,' उनले भने, 'उनीहरूले घर बनाउँदा पुरानै स्वरूप अपनाएको हुन सक्छन्, त्यतिबेलाका मन्त्री र काजीहरूको विशेष सुविधाको पूर्ति जनताबाटै उठाइएको करबाट व्यवस्था हुन्थ्यो ।अहिलेको भूकम्पबाट क्षति भएका दरबार छेउका कतिपय घरहरू २१ औं शताब्दीको सुरूमा बनेको हुनसक्ने अनुमान गरिएको छ।

देशमा बिभिन्न राजनैतिक परिवर्त आए केन्द्र देखि गाउ गाउमा सिहदरवार नारा आए युवा देखि बृद् सम्मा धनि देखि गरिव सम्मा साधारण लेखपढ देखि बिध्याबारिदि सम्मा हासिल गरेका नेता बने तर कयौ यस्ता खालका इतिहास लाइ जोगाउने र बचाइराख्ने योजन कोहि नेताको डाइरिमा वा सम्बन्धित निकायामा आवाज देखिएन पछिल्लो अवश्थामा बिकासको नाम बिन इन्जिनियरिङ् डोजर अगाडि लगायर बाढि पहरिको जोखिम निमत्याइयो झोलामा राखेको कगजको भरमा अनुदान बितरन मुखि बनाइयो र फोटो ग्रफ एवम मोबाइल कर्ता को सामाजिकसन्जालको नाम भिउज बटुल्ने र कमाइ खने भाडो बनाइयो यसरि पुस्तौ पुस्ता बोकेको एक धरोहर को अवश्था त यस्तो छ अन्य गाउका कुनकन्धराका इतिहास का त कुरा न खोलेकै भलो होला एक असल नेतृव को अभावले आज यो जाजरकोट को इतिहास यसरि रोइरहेको छ ।आज देशले होस वा प्रदेशले होस यात जिल्लाले होस या त गाउ बस्तिले होस एक असल अभिवाभक खोजेको छ।

कटौती...

सरकारका आठ जना पदाधिकारी बाहेक प्रदेशसभाका ३२ जना पदाधिकारी तथा सदस्यका स्वकीय सचिव, सवारी चालक र कार्यालय सहयोगीसहित ४८ जनाको पारिश्रमिकमा मासिक १५ लाख ९९ हजार ७७१ रुपैयाँ खर्च हुँदै आएको थियो । यही आधारमा वार्षिक खर्च १ करोड ९१ लाख ९७ हजार २५२ रुपैयाँ पुग्छ । सांसदहरूले स्वकीय सचिवको सुविधा आफ्नो अधिकार र कामका लागि आवश्यक रहेको भन्दै लगातार सरकारसँग माग गर्दै आएका थिए । चालु आर्थिक वर्षको बजेट पारित गर्ने दिन कांग्रेस सांसद जानकी सिंहले स्वकीय सचिवको पारिश्रमिक नदिइएको भन्दै सदन अवरुद्धसमेत गरेकी थिइन् । त्यतिबेला कांग्रेस सरकारमै सहभागी थियो । त्यसपछि पनि कांग्रेससहित विभिन्न दलका सांसदले प्रदेश सभामा स्वकीय सुविधाको विषय उठाइरहे कांग्रेस सांसद बलिमाया बुढाले त स्वकीय सचिवको पारिश्रमिक नदिने हो भने मन्त्रीले पनि स्वकीय राख्न नहुने धारणा राखेकी थिइन् । कांग्रेस संसदीय दलका नेता जीवनबहादुर शाहीले समेत पटक-पटक सरकारलाई यस विषयमा चेतावनी दिँदै आएका थिए । सांसदहरूले मुख्यमन्त्री र मन्त्रीका सचिवालय तथा स्वकीय सुविधामाथि समेत प्रश्न उठाउँदै आफूहरूमाथि विभेद गरिएको गुनासो गरेका थिए । अन्ततः बुधबार बसेको मन्त्रिपरिषद् बैठकले नियमअनुसार सांसदका स्वकीय सचिवको सुविधा उपलब्ध गराउने निर्णय गरेको हो । मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव लक्ष्मीकुमार विकका अनुसार गत आर्थिक वर्षको रोकिएको पारिश्रमिक भने उपलब्ध गराइने छैन । चालु आर्थिक वर्षको साउनदेखि सांसदका स्वकीय सचिवलाई पारिश्रमिक दिने गरी प्रदेशसभालाई पत्र पठाइएको उनले बताएका छन् ।

सुदूरपश्चिममा बजेट निर्माण प्रक्रिया तत्काल अघि बढाउने सर्वदलीय निर्णय



❐ काँक्रेविहार संवाददाता
धनगढी, २७ भदौ

सुदूरपश्चिम प्रदेशमा देखिएको बजेट शून्यताको अवस्थालाई मध्यनजर गर्दै बजेट निर्माण प्रक्रिया तत्काल अघि बढाउने निर्णय गरिएको छ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बसेको सर्वदलीय बैठकले प्रदेशको बजेट निर्माण प्रक्रियालाई शीघ्र अगाडि बढाउने निर्णय गरेको हो।

बैठकमा सुदूरपश्चिम प्रदेशसभामा प्रतिनिधित्व गर्ने राजनीतिक दलका प्रतिनिधिहरूको सहभागिता रहेको थियो।

बजेट शून्यताको अवस्था लामो समयसम्म रहँदा प्रदेश सरकारका नियमित कामकाज तथा विकास निर्माणका गतिविधिमा असर पर्न सक्ने भन्दै बजेट निर्माण प्रक्रियालाई प्राथमिकताका साथ अघि बढाउने विषयमा बैठकमा सहमति जुटेको हो।

बैठकले प्रदेशको वर्तमान आर्थिक अवस्थालाई समेत ध्यानमा राख्दै आवश्यक प्रक्रिया पूरा गरी बजेट निर्माणको कामलाई तत्काल अगाडि बढाउने निर्णय गरेको छ।

सर्वदलीय सहमतिसँगै अब प्रदेश सरकारलाई बजेट निर्माण तथा आवश्यक कानुनी प्रक्रिया अघि बढाउन बाटो खुलेको छ।

बाढीमा बेपत्ता दम्पतीको कुशको शव बनाएर दाहसंस्कार

❐ काँक्रेविहार संवाददाता
हुम्ला, २७ भदौ

रसुवाको भोटेकोशी बाढीमा सम्पर्कविहीन भएका हुम्लाका दुई जनाको कुशको शव बनाएर अन्तिम दाहसंस्कार गरिएको छ। सम्पर्कविहीन परिवारका सदस्यको अवस्थाबारे विभिन्न माध्यमबाट खोजी गर्दा पनि कुनै जानकारी प्राप्त हुन नसकेपछि आफन्तले कुशको शव बनाएर अन्तिम संस्कार गरेका हुन्।



रसुवामा बाढी आएको लामो समय बितिसक्दा पनि कुनै जानकारी प्राप्त नभएपछि खार्पुनाथ गाउँपालिका-१ गोक्पाका जनक बुढा र उनकी श्रीमती अनिता रावतका परिवारका सदस्यले कुशको शव बनाएर दाहसंस्कार गरेका हुन्। कुनै जानकारी प्राप्त हुने सम्भावना नदेखिएपछि अन्तिम संस्कार गर्नुपरेको अनिता रावतका दाइ सुवास रावतले बताए।

जनक र अनितासहित हुम्लाका सात जना अझै सम्पर्कविहीन रहेको प्रमुख जिल्ला अधिकारी भोलानाथ गुरागाईंले बताए। उनका अनुसार सर्केगार्ड गाउँपालिका-८ फुचाका मानसिंह ऐडी, सोही वडाकी कविता बुढा र उनकी छोरी रियासा बुढा पनि हालसम्म सम्पर्कमा आएकी छैनन्।

त्यसैगरी, ताँजाकोट गाउँपालिका-३ का धनराज जैसी र सोही गाउँपालिका-२ की सरिता जैसी पनि हालसम्म सम्पर्कमा आउन नसकेको प्रमुख जिल्ला अधिकारी गुरागाईंले बताए।

परिवारका सदस्य बाढीमा परेर सम्पर्कविहीन भएपछि आफन्तले काठमाडौँका अस्पताल तथा रसुवा, गोरखा, चितवन, नवलपुर, पोखरालगायत बाढी प्रभावित क्षेत्रका अस्पताल र अन्य सम्भावित स्थानमा पुगेर खोजी गरे पनि कुनै जानकारी पाउन नसकेको जनाइएको छ।

सम्पर्कविहीनमध्येका परिवारका सदस्यले जिल्लास्थित प्रहरी तथा प्रशासन र काठमाडौँमा रहेका आफन्तमार्फत खोजी जारी राखेका छन्। बाढी आएको दोस्रो दिनदेखि खोजीमा लागे पनि हालसम्म कुनै जानकारी प्राप्त नभएपछि परिवारका सदस्य निराश बन्दै गएका छन्।

भोटेकोशी बाढीमा सम्पर्कविहीन हुम्लाका सात जनाको खोजीका लागि प्रभावित जिल्लाका प्रशासनसँग दैनिक समन्वय भइरहेको स्थानीय प्रशासनले जनाएको छ। लामो समय बितिसक्दा पनि शव वा जीवित अवस्थामा फेला पार्न नसकेपछि चार जनाका आफन्तले कुशको पुत्ला बनाएर अन्तिम संस्कार गरिसकेको प्रशासनले जनाएको छ।

यसैबिच, ताँजाकोट गाउँपालिका-२ का स्थायी बासिन्दा तथा रसुवा भन्सार कार्यालयमा भन्सार अधिकृतका रूपमा कार्यरत नकुल शर्माको भने शव फेला परेको थियो। उनकी श्रीमती सङ्गीता शर्मा आचार्य र भाइ टंकप्रसाद शर्माले चितवन, नवलपुर र गोरखाका अस्पताल तथा शवगृहमा खोजी गरेपछि शव फेला परेको जनाइएको छ।

बाढीले रोकिएको करदाता उपहार घोषणा असोज १ मा, ३३ जनाले पुरस्कार जित्ने

❐ काँक्रेविहार संवाददाता
काठमाडौं, २७ भदौ

भोटेकोसी बाढीका कारण रोकिएको भदौ महिनाको करदाता प्रोत्साहन उपहार घोषणा आउँदो असोज १ गते हुने भएको छ।

करदातालाई बिल लिन र कर तिर्ने प्रणालीमा अभ्यस्त गराउन चालु आर्थिक वर्षको बजेटमार्फत उपहार कार्यक्रम ल्याइएको थियो। साउन १ गतेबाट सुरु भएको प्रोत्साहन कार्यक्रमअन्तर्गत भदौ १६ गते हुने भनिएको पुरस्कार घोषणा भोटेकोसी बाढीका कारण रोकिएको थियो।

अब भदौ महिनाभरिको पुरस्कारको असोज १ गते घोषणा गर्ने तयारी गरिएको अर्थ मन्त्रालयअन्तर्गतको आन्तरिक राजस्व विभागले जनाएको छ।

विभागका महानिर्देशक डा. भीष्मकुमार भुसालका अनुसार, पहिलो चरणमा भदौ १ देखि १५ गतेसम्म बिल-बिजक लिएर विभागको पोर्टलमा दर्ता गराएका तथा अनलाइनमार्फत वस्तु खरिद गरेका उपभोक्तामध्येबाट विजेता घोषणा गरिनेछ। हरेक दिनको एक जनाका हिसाबले १५ जनालाई एक लाख ३३ हजार ३३४ रुपैयाँका दरले विजेता छनोट गरिनेछ।

यस्तै, भदौ १ देखि १५ गतेसम्म कारोबारमा संलग्न उपभोक्तामध्येबाट एक जनालाई १० लाख रुपैयाँ राशिको करदाता बम्पर प्रोत्साहन पुरस्कारका लागि छनोट गरिनेछ।



असोज १ गते भदौ महिनाका एक लाख ३३ हजार ३३४ रुपैयाँका ३१ जना र १०-१० लाख रुपैयाँका दुई जना बम्पर विजेता गरी जम्मा ३३ जनालाई करदाता प्रोत्साहन पुरस्कार प्रदान गरिनेछ।

त्यसपछि दोस्रो चरणमा, भदौ १६ देखि ३१ गतेसम्मका १६ दिनका लागि १६ जनालाई एक लाख ३३ हजार ३३४ रुपैयाँ पुरस्कारका लागि छनोट गरिने उनले जानकारी दिए।

त्यस्तै, भदौ महिनाको दोस्रो १६ दिनका उपभोक्तामध्येबाट एक जनालाई १० लाख रुपैयाँ राशिको बम्पर विजेता छनोट गरिनेछ।

सबै गरेर असोज १ गते भदौ महिनाका एक लाख ३३ हजार ३३४ रुपैयाँका ३१ जना र १०-१० लाख रुपैयाँका दुई जना बम्पर विजेता गरी जम्मा ३३ जनालाई करदाता प्रोत्साहन पुरस्कार प्रदान गरिनेछ।

दुवै पुरस्कार रकममा २५ प्रतिशत कर लाग्नेछ। हरेक दिनका एक लाख ३३ हजार ३३४ रुपैयाँका विजेताले कर कटाएर एक लाख र १० लाखका विजेताले सात लाख ५० हजार रुपैयाँ नगद पुरस्कार प्राप्त गर्नेछन्।

पुरस्कारका लागि योग्य हुन उपभोक्ताले अनिवार्य रूपमा एक सय रुपैयाँभन्दा बढीको वस्तु खरिद गर्दा सक्कली भ्याट वा प्यान बिल लिनुपर्छ। कारोबार गर्दा सकेसम्म अनलाइन भुक्तानी गर्नुपर्छ।

विभागका अनुसार अनलाइनमार्फत गरिएको कारोबार स्वतः सरकारको करदाता प्रोत्साहन प्रणालीमा समावेश हुन्छ। नगदमा कारोबार गरेर सक्कली बिल लिएका उपभोक्ताले भने आन्तरिक राजस्व विभागको करदाता प्रोत्साहन पुरस्कार पोर्टलमा गई आफूले प्राप्त गरेको बिल अपलोड गरेर पुरस्कारका लागि योग्य बन्न कुपन लिनुपर्छ। साउन महिनामा ३३ जनाले पुरस्कार जितेका थिए।

भोटेकोशी बाढी :

शव पहिचानमा प्रहरीका तीन उपाय

❐ काँक्रेविहार संवाददाता
काठमाडौं, २७ भदौ

भोटेकोशी बाढीमा मृत्यु भएका व्यक्तिको शव पहिचानका लागि संकलित नमुनाका आधारमा अहिले विधिविज्ञान प्रयोगशालामा धमाधम डिएनएन परीक्षण भइरहेको छ।

नेपाल प्रहरीको केन्द्रीय विधिविज्ञान प्रयोगशाला र खुमलटारस्थित नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठान (नास्ट)को प्रयोगशालामा डीएनए परीक्षण भइरहेको केन्द्रीय प्रहरी प्रवक्ता अविनारायण काफ्लेले जानकारी दिए।

शव पहिचानका लागि संकलित डीएनए नमुनामा कुनै त्रुटि नहुने गरी सूक्ष्म रूपमा परीक्षण कार्य अघि बढाइएको छ। नेपाल प्रहरीको विशेषज्ञ टोलीलाई सघाउन भारत, चीन, दक्षिण कोरिया र सिङ्गापुरका विज्ञ नेपाल आएका छन्। प्रहरीको विधिविज्ञान प्रयोगशालामा भारतीय र कोरियाली तथा खुमलटारस्थित प्रयोगशालामा भारतीय र चिनियाँ टोलीले सघाइरहेका छन्।

डीएनए परीक्षणका लागि चार वटा मेसिन सञ्चालन गरिएको छ। सो मेसिनले आवश्यक तयारीपश्चात् ९० मिनेटमा एउटा नतिजा निकाल्छ। अर्को नमुनाको परीक्षणका लागि सो मेसिनलाई पूर्ण रूपमा निर्मूलीकरण गर्नुपर्ने हुन्छ।

मृतकको हड्डी र दाँतबाट डीएनए परीक्षण गर्दा चार दिनसम्म लाग्ने विशेषज्ञ चिकित्सकको भनाइ छ। दाँत र हड्डीबाट डीएनए निकाल्दा ती अङ्गलाई धुलो बनाइन्छ। धुलोलाई विशेष केमिकलमा राखेर ७२ घण्टापछि मात्रै प्रक्रियामा लगिन्छ।

शनिबार अपराह्नसम्म फेला परेका शवको पहिचानका लागि डीएनए नमुना संकलनदेखि आवश्यक प्रक्रिया पूरा गरी एक हजार २३० वटा शव माटोमुनि व्यवस्थापन गरिएको छ। शव पहिचानका लागि मृतकका एक हजार २८६ र आफन्तका एक हजार ७७९ गरी कुल तीन हजार ६५ वटा डीएनए नमुना संकलन गरिएको छ।

प्रहरीको प्रयोगशालाको वार्षिक ४०० डीएनए परीक्षण गर्ने क्षमता छ। अहिले दैनिक २५-३० वटा नमुनाको परीक्षण भइरहेको प्रहरी नायब महानिरीक्षक काफ्लेले जानकारी दिए। प्रहरीले भदौ १३ गतेदेखि डिएनएको नमुना सङ्कलन गरिरहेको छ। हालसम्म करिब ४०० बढी नमुनाको डीएनए परीक्षण गरिएको छ। कतिपय नमुनाको पुनःपरीक्षण गर्नुपर्ने अवस्था आउने विज्ञको भनाइ छ। हड्डी र दाँतको करिब ३० प्रतिशत नतिजा दोहोऱ्याउनुपर्ने हुनसक्ने बताइन्छ।

फेला परेका शवको नमुनाबाट जतिसक्दो डीएनए परीक्षण गर्नेगरी काम भइरहेको प्रवक्ता काफ्लेले बताए। डीएनए परीक्षणलाई तीव्र बनाउन बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडामा पनि प्रयोगशाला सञ्चालनमा ल्याउने तयारी गरिएको छ।

'हेटौंडास्थित प्रदेश प्रहरी कार्यालयमा पनि चाँडोभन्दा चाँडो अर्को प्रयोगशाला सञ्चालन गर्दैछौं, मेसिन ल्याइसकेका छौं, 'सेटअप' भइरहेको छ, एक हप्ताभित्र सञ्चालनमा आउँछ', उनले भने।

भोटेकोशी विपद्पछिको खोज, उद्धार, शव पहिचान र व्यवस्थापनलाई प्राथमिकतामा राखी प्रहरी महानिरीक्षक दानबहादुर कार्कीले पहल लिइरहेका छन्।

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

काँक्रेविहार राष्ट्रिय दैनिक

आइतवार, २८ भदौ, २०८३
Sunday, 13 Sep 2026

सु.जि.प्र.का.द.नं. १३/२०५७/०५८
हु.नि.सु.द.नं. ०१/२०८२/०८३

किसानको आय बढाउन उत्पादनदेखि बजारीकरणसम्म जोड

❐ **काँक्रेविहार संवाददाता**
सुर्खेत, २७ भदौ



कर्णाली प्रदेशमा महिलाको आर्थिक सशक्तीकरण तथा कृषि आय अभिवृद्धि गर्ने उद्देश्यले सञ्चालन हुँदै आएको कार्यक्रमअन्तर्गत पाँचौँ बैठक सुर्खेतको वीरेन्द्रनगरमा सम्पन्न भएको छ।

सुर्खेत कृषि बजार व्यवस्थापन समितिका अध्यक्ष टोपेन्द्रजंग शाहीको अध्यक्षतामा भएको बैठकमा दैलेख, सुर्खेत र कालिकोटका ६ वटा स्थानीय तहका प्रमुख तथा उपप्रमुख, कृषि शाखाका प्रमुख, स्थानीय व्यापारी तथा कृषि समूहमा आबद्ध किसानहरूको सहभागिता थियो। बैठकमा सेवक नेपालका परियोजना संयोजक भूमिप्रसाद काफ्लेले सहजीकरण गरेका थिए।

बैठकमा तीन जिल्लाका ६ स्थानीय तहमा महिला किसानका लागि सञ्चालन गरिएका विभिन्न तालिमबाट आएको आर्थिक तथा व्यावसायिक परिवर्तन, असल अभ्यास, बजार व्यवस्थापन तथा किसानले भोगिरहेका चुनौतीबारे अनुभव आदान-प्रदान गरिएको थियो।

जुनेली कृषि समूहका अध्यक्ष मिनबहादुर खड्काले तरकारी बालीमा पनि आलुलाई ग्रेडिङ र प्याकेजिङ गरेर बिक्री गर्दा राम्रो मूल्य पाउन सकिने बताए । समूहका किसान दिदीबहिनीहरूले बालीको कटनीपछिको उचित व्यवस्थापन, छनोट तथा ग्रेडिङ, वैज्ञानिक भण्डारण, गुणस्तर संरक्षण, रोग तथा किराको संक्रमणबाट बच्ने उपाय, प्याकेजिङ र बजारको मागअनुसार उत्पादन व्यवस्थापनको तालिम समेत लिएका उनले बताए । यसले किसानलाई आफ्नो उत्पादनको उचित मूल्य पाउने आशा बढाएको उनको भनाइ छ । समूहले उत्पादन गरेका कृषि उपज बिक्रीका लागि वीरेन्द्रनगरका तरकारी मण्डीहरूसँग सम्झौता गरेको जानकारी दिए । ' उत्पादन जति भए पनि संकलन केन्द्रमा ल्याउने व्यवस्था गरेका छौँ । त्यहींबाट व्यापारीहरूले उत्पादन लैजानुहुन्छ, त्यसैले बजार र कारोबारमा पनि खासै समस्या आएको छैन,' खड्काले भने ।

देवकोटा सब्जीमण्डीका लक्षण देवकोटाले कृषि उपजको बजारमा प्रतिस्पर्धा आवश्यक रहेको बताए। किसानले उत्पादनको गुणस्तर कायम गर्दै बजारको मागअनुसार उत्पादन र बजारीकरण गर्न सके राम्रो मूल्य प्राप्त गर्न सकिने उनको भनाइ छ। ' बजारमा मूल्यको प्रतिस्पर्धा हुनुपर्छ। त्यसका लागि किसानले बजारमा प्रतिस्पर्धा गर्न सक्ने गरी उत्पादनमा ध्यान दिनुपर्छ। ग्रेडिङ र प्याकेजिङलाई पनि प्राथमिकता दिनुपर्छ। यस्तो गर्न सके बजारमा उत्पादनको मूल्य राम्रो पाइन्छ,' देवकोटाले भने।

नारायण नगरपालिकाका नगरप्रमुख लोमन शर्माले किसानले उत्पादन गरेका कृषि उपजको संकलन तथा बिक्री-वितरणलाई व्यवस्थित बनाउनुपर्ने बताए। किसानले उत्पादन गरेपछि बजारको सुनिश्चितता नहुँदा समस्या हुने भएकाले स्थानीय तह, किसान समूह, सहकारी र व्यापारीबीच समन्वय आवश्यक रहेको उनको भनाइ थियो। नारायण नगरपालिकाकी उपप्रमुख तप्ता कुमारीले किसानको उत्पादन र आवश्यकताअनुसार स्थानीय तहबाट सहयोग तथा कार्यक्रम सञ्चालन गर्नुपर्ने बताइन्। महिला किसानलाई कृषि उत्पादनसँगै व्यवसायिक गतिविधिमा जोडेर आयआर्जनको अवसर बढाउनुपर्नेमा उनले जोड दिइन्। महाबु गाउँपालिकाका अध्यक्ष जंगबहादुर शाहीले स्थानीय स्तरमा उत्पादन भएका कृषि उपजलाई बजारसँग जोड्न सहकारी, किसान समूह र स्थानीय सरकारबीच सहकार्य आवश्यक रहेको बताए। उत्पादन बढाउने मात्र नभई उत्पादित वस्तुको बजारीकरण र उचित मूल्य प्राप्त गर्ने वातावरण बनाउनुपर्ने उनको भनाइ थियो। भैरवी गाउँपालिकाका अध्यक्ष रिता शाहीले किसानलाई जीविकोपार्जनमुखी र उद्यमी गरी दुई समूहमा विभाजन गरेर काम गरिरहेको बताइन्। किसानको अवस्था र आवश्यकताका आधारमा कार्यक्रम तथा सहयोग उपलब्ध गराउँदा कृषि क्षेत्रलाई थप व्यवसायिक बनाउन सकिने उनले बताइन्। 'हामीले किसानलाई दुई भागमा विभाजन गरेका छौँ- जीविकोपार्जन गर्ने किसान र उद्यमी किसान। दुवै समूहका आवश्यकता फरक छन्। त्यसअनुसार कार्यक्रम सञ्चालन गर्न आवश्यक छ,' शाहीले भनिन्।

कृषि विकास कार्यालय सुर्खेतका निर्देशक चित्रबहादुर रोकायले सुर्खेतमा कृषि बजार स्थापना तथा व्यवस्थित गर्न लामो समयदेखि प्रयास गरिएको बताए। अहिले कृषि बजारबाट धेरै किसान तथा व्यवसायी लाभान्वित भइरहेको उनको भनाइ छ। 'सुर्खेतको कृषि बजारलाई व्यवस्थित गर्न धेरै संघर्ष गरेका थियौँ। अहिले यसबाट धेरै मानिस लाभान्वित भएका छन्। तर कृषि उपजको बजार व्यवस्थापन अझै पनि निकै चुनौतीपूर्ण छ। किसानले उत्पादन गरेको वस्तुले उचित मूल्य पाउने गरी बजार प्रणालीलाई थप व्यवस्थित बनाउन आवश्यक छ,' रोकायले भने।

कृतिदेवल बहुउद्देश्यीय कृषि सहकारी संस्थाकी सदस्य सरिता थापाले किसानको कृषि उत्पादनलाई व्यवस्थित गर्ने र बजारको मागअनुसार उत्पादन गर्ने विषयमा तालिमपछि किसानमा सचेतना बढेको बताइन्। उत्पादन मात्र गरेर नहुने भन्दै उनले गुणस्तर, ग्रेडिङ, प्याकेजिङ र बजार व्यवस्थापनमा पनि ध्यान दिनुपर्ने बताइन्। 'पहिले उत्पादन गरेपछि कहाँ बेच्ने भन्ने चिन्ता हुन्थ्यो। अहिले बजारको माग बुझेर उत्पादन गर्ने र उत्पादनलाई राम्रोसँग तयार गरेर बिक्री गर्नुपर्छ भन्ने सिकेका छौँ,' थापाले भनिन्।

चगत्रा कृषि तथा पशुपालन सहकारी संस्थाका अध्यक्ष मोतिराम अधिकारीले कृषि क्षेत्रलाई व्यवसायिक बनाउन किसानलाई निरन्तर प्राविधिक ज्ञान, उत्पादन सामग्री र बजारको सुनिश्चितता आवश्यक रहेको बताए। कृषि उत्पादनको लागत घटाउने र उचित मूल्य प्राप्त गर्ने वातावरण बनाउन स्थानीय सरकार तथा सम्बन्धित निकायले किसानसँग सहकार्य गर्नुपर्ने उनको भनाइ छ। 'किसानलाई उत्पादन गर्न मात्र सिकाएर पुग्दैन, उत्पादित वस्तुको बजार र मूल्यको सुनिश्चितता पनि आवश्यक छ। उत्पादनदेखि बजारीकरणसम्मको शृंखला व्यवस्थित गर्न सके कृषि व्यवसायबाट किसानको आम्दानी बढाउन सकिन्छ,' अधिकारीले भने। उज्यालो साना किसान कृषि सहकारी संस्थाका अध्यक्ष झमलाल पौडेलले किसानको उत्पादनलाई बजारसँग जोड्न सहकारी, व्यापारी र स्थानीय तहबीच समन्वय आवश्यक रहेको बताए। उत्पादनको मात्रा, गुणस्तर र बजारको मागबारे नियमित सूचना आदान-प्रदान गर्न सके किसानले योजनाबद्ध रूपमा उत्पादन गर्न सक्ने उनको भनाइ छ। 'किसानले के उत्पादन गर्ने, कति उत्पादन गर्ने र कहाँ बिक्री गर्ने भन्ने जानकारी समयमै पाउनुपर्छ। यसका लागि सहकारी र बजारबीचको समन्वय अझ बलियो बनाउन आवश्यक छ,' पौडेलले भने।

सुर्खेत कृषि बजार व्यवस्थापन समितिका अध्यक्ष शाहीले किसानले उत्पादन मात्र गरेर हुँदैन, उत्पादित वस्तुको बजार र उचित मूल्य पनि सुनिश्चित हुनुपर्छ। त्यसका लागि कृषि उपजको गुणस्तर कायम गर्ने, ग्रेडिङ तथा प्याकेजिङ गर्ने र बजारको मागअनुसार उत्पादन गर्ने अभ्यासलाई प्राथमिकता दिन आवश्यक रहेको बताए । उत्पादनदेखि बजारीकरणसम्म सबै पक्षबीच सहकार्य भयो भने किसानको उत्पादनले बजार पाउँछ र कृषि क्षेत्रलाई व्यवसायिक बनाउन थप सहयोग पुग्ने उनको भनाइ थियो ।

बैठक सुर्खेत कृषि बजार व्यवस्थापन समितिको आयोजनामा नेपाल सरकार, युरोपेली संघ र संयुक्त राष्ट्र संघका एजेन्सीहरूको संयुक्त पहलमा सञ्चालित 'सशक्त महिला, समृद्ध नेपाल (भ्थ्एल)' कार्यक्रमअन्तर्गत अन्तर्राष्ट्रिय श्रम संगठन (आईएलओ)को पहल तथा सेवक नेपालको कार्यान्वयन साझेदारीमा बैठक आयोजना गरिएको हो।

युएईमाथि ४४ रनको शानदार जित, नेपाल एसिया कपमा छनोट



❐ **काँक्रेविहार संवाददाता**
सुर्खेत, २७ भदौ

तेस्रो संस्करणको एससी प्रिमियर कप एकदिवसीय प्रतियोगिताको उपाधि नेपाली पुरुष राष्ट्रिय क्रिकेट टोलीले जितेको छ। आज मलेसियामा सम्पन्न फाइनल खेलमा युनाइटेड अरब इमिरेट्स (युएई) लाई ४४ रनले हराउँदै नेपालले दोस्रोपटक प्रिमियर कपको उपाधि जितेको हो।

योसँगै नेपाली टोली सन् २०२७ मा बङ्गलादेशमा आयोजना हुने एकदिवसीय एसिया कपमा छनोट भएको छ। नेपालले दोस्रोपटक एसिया कपमा स्थान बनाएको हो। नेपालले यसअघि सन् २०२३ मा युएईलाई नै हराएर एसिया कपमा स्थान बनाएको थियो। गत संस्करणको विजेता बनेको युएई भने एसिया कप २०२७ मा स्थान बनाउन वञ्चित भयो। फाइनल खेलमा नेपालले दिएको ३१४ रनको लक्ष्य पछ्याएको युएई ४९ दशमलव एक ओभरमा २६९ रनमा अलआउट भयो। उसका लागि गुहल चोपराले १०५ बलमा तीन चौका र चार छक्कासहित अविजित १०० रनको पारी खेले पनि जितका लागि पर्याप्त भएन।

यस्तै सोयब खानले ५२, तानिस सुरीले ४२, हरप्रीत सिंहले ३३ र खुजैमा चनवीरले १५ रन जोडे। नेपालका लागि बलिङतर्फ करण केसीले तीन, ललितनारायण राजवंशीले दुई, कप्तान सन्दीप लामिछाने, दीपेन्द्रसिंह ऐरी, रोहितकुमार पौडेल र गुलशनकुमार झाले एक-एक विकेट लिए। त्यसअघि मलेसियाको क्वालालाम्पुरस्थित बायुमास ओभलको मैदानमा टस जितेर पहिला ब्याटिङ गरेको नेपालले निर्धारित ५० ओभरमा नौ विकेट गुमाएर ३१३ रन बनाएको थियो। नेपालका लागि ओपनर तथा विकेटकिपर आसिफ शेखले शतकीय इनिङ खेले। उनले १०६ बलमा आठ चौका र चार छक्कासहित १०२ रनको इनिङ खेलेका हुन्।

एकदिवसीय अन्तर्राष्ट्रिय क्रिकेटमा आसिफको यो दोस्रो शतक हो। यस्तै, आज गुलशनकुमार झाले अर्धशतकीय पारी खेले। उनले ३८ बलमा चार छक्का र तीन चौकाको मद्दतमा ५२ रनको पारी खेलेका हुन्।

सांसदको...

सुविधालाई व्यक्तिगत नातागोता तथा आफन्तलाई रोजगारी दिने माध्यम बनाइएमा त्यसले व्यवस्थामाथि नै प्रश्न उठाउने जोखिम हुन्छ।

कर्णालीका सांसदहरूले स्वकीय सचिवका रूपमा आफ्ना श्रीमती, बहिनी, भतिजा, ज्वाइँ, सालो तथा छोराछोरीलाई नियुक्त गर्ने गरेको आरोपसमेत सार्वजनिक हुँदै आएको छ। यदि यस्तो अभ्यास व्यापक छ भने 'विधायिकी सहयोग'का नाममा छुट्याइएको रकमको वास्तविक उपयोगिता र पारदर्शिता परीक्षण गर्नुपर्ने देखिन्छ।

BND
वीरेन्द्रनगर डेन्टल केयर होम
वीरेन्द्रनगर ६, हटियाचोक सुर्खेत
मा उपलब्ध अत्याधुनिक दन्त उपचार सेवाहरू:→
विश्वस्तरीय प्रविधि र अनुभवी दन्त चिकित्सकद्वारा सेवा
१. पूर्ण दन्त परीक्षण: मुख र दाँतको विस्तृत जाँच।
२. दाँत सफाई: अत्याधुनिक प्रविधिद्वारा दाँत र गिजाको सफाई।
३. दाँत भर्ने र जरादेखि उपचार (RCT): किराले खाएको दाँतको सुरक्षित उपचार।
४. दाँत रोप्ने (Dental Implant): हराएको दाँतको स्थायी र प्राकृतिक समाधान।
५. दाँत बाँध्ने (Braces): टेढोमेढो दाँतलाई सिधा र आकर्षक बनाउने।
६. नक्कली दाँत राख्ने (Crown/Bridge/Denture): हराएको दाँतको सट्टा नक्कली दाँत राख्ने।
७. दाँत निकाल्ने: सामान्य र जटिल प्रकारका दाँत निकाल्ने सेवा।
८. लेजर र कस्मेटिक उपचार: आधुनिक प्रविधिबाट दाँत र मुस्कानलाई सुन्दर बनाउने।
९. बाल दन्त चिकित्सा: बालबालिकाहरूको दन्त स्वास्थ्यको विशेष हेरचाह।
तपाईंको दन्त स्वास्थ्यसँग सम्बन्धित जुनसुकै समस्याको लागि हामीलाई सम्पर्क गर्नुहोस्।
आधुनिक प्रविधि
सुरक्षित उपचार
उत्कृष्ट सेवा
सम्पर्क : स्थान: वीरेन्द्रनगर ६, हटिया चोक, सुर्खेत फोन नम्बरहरू: ९८५८०५११६४, ९८५८०६१७६९, ९७१२०५५५६५

सम्पूर्ण छपाईका काम
एकै ठाउँमा
GLOBAL OFFSET PRESS
लेबल स्टिकर, ब्रोसर पम्पलेट, क्यालेडर, पोस्टर
सरकारी फारम, भौचर, चलानी, बिलबुक
पुस्तक, नोटबुक, डायरी, रसीद, क्यागोजिन, पत्रिका
आईडी कार्ड, बिजिटिङ कार्ड, निमन्त्रणा पत्र, फ्लेक्स, ब्यानर
offsetpressg@gmail.com
वीरेन्द्रनगर-३ सुर्खेत
९८५८०५४८११, ९८५८०५५५६२६
गुणस्तर हाम्रो प्रतिबद्धता, सन्तुष्टि हाम्रो लक्ष्य।
समयमै गुणस्तरीय सेवा
उच्च गुणस्तरको छपाई
अनुभवी टोली
ग्राहक सन्तुष्टि हाम्रो प्राथमिकता

काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८६४८८०६००, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)